**UNITED NATIONS** **NATIONS UNIES**

### महासचिवका प्रवक्ताका तर्फबाट जारी प्रेस वक्तव्य

### नेपाल

सोमबारका दिन काठमाडौं उपत्यकाको पूर्वतर्फको पहाडी क्षेत्रमा भएको हेलिकोप्टर दुर्घटनामा हुन गएको नेपालस्थित राष्ट्रसंघीय मिसन (अन्मिन) का सात सदस्य र चालकदलका तीन सदस्यको निधनबाट महासचिवलाई गहिरो दुःख लागेको छ। उक्त हेलिकोप्टर माओवादीको सिन्धुलीस्थित शिविरबाट काठमाडौं आउने क्रममा सम्पर्क विहीन हुन पुगेको थियो। दुर्घनामा गाम्बिया, इन्डोनेसिया, गणतन्त्र कोरिया र स्वीडेनका चारजना हतियार अनुगमनकर्ता, तीनजना नेपाली नेशनल स्टाफ लगायत चालकदलमा रहेका रसिया र बेलारूसका तीनजना नागरिकको निधन भएको छ।

नेपालको शान्ति प्रक्रियाका लागि संयुक्त राष्ट्रसंघको सेवामा रहेका बेला निधन भएका यी सहकर्मीहरूका परिवारजन र सम्बद्ध सरकारहरू समक्ष महासचिवले गहिरो समबेदना व्यक्त गर्नु भएको छ।

दुर्घटनाका अवशेषहरूको खोजीमा नेपाली निकायहरूबाट प्राप्त सहयोग तथा अन्मिनप्रति अभिव्यक्त सहानुभूतिका लागि महासचिवले सबैको सराहना गर्नु भएको छ।

मार्च ४, २००८
(२०६४ फागुन २१ गते)

न्युयोर्क